(झ) महिला  र किशोरीमैत्री लक्षित कार्यक्रम तय गर्न ।

**४. टोल स्तरीय महिला समूह गठन:**

(१) नगरपालिकाको प्रत्येक टोलमा महिला मात्र रहने गरी एक महिला समूह गठन हुनेछ ।

(२)  उपदफा (१) बमोजिम गठन हुने महिला समूहका पदाधिकारीहरुले सहमतिको आधारमा प्रत्येक दुई वर्षमा आफू पदाधिकारी रहेको पद हेरफर गर्न सक्नेछन् । किशोरीको हकमा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछन् ।

(३) महिला समूहले टोल, वडा समिति तथा नगरपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

(४) नगरपालिकाभित्रका यो कार्यविधि लागू हुनुभन्दा अगाडि गठन भएका महिला समूह, आमा समूह र किशोरी समूहलाई दर्ता गरिनेछ साथै गठन नभएका टोलहरुमा नयाँ समूहहरु गठन गरिनेछ ।

**५.वडास्तरिय महिला समूह सञ्चालन समिति गठन:**

(१) वडाभित्र प्रत्येक टोलका महिला समूहको अध्यक्ष रहेको एक वडास्तरिय महिला समूह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको महिला समूह सञ्चालन समितिमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

(३) उपदफा (१) बमोजिमको महिला समूह सञ्चालन समितिमा टोलस्तरिय महिला समूहका अध्यक्षहरु, वडाका जनप्रतिनिधि रहनेछन् ।



**रोल्पा नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**लिबाङ, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्ड : १** **संख्या : १** **मिति : २०७८/०८/०१**

## रोल्पा नगरपालिकाको महिला र किशोरी समूह गठन र सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना :**

सामूहिक प्रयासबाट महिलाको हित प्रबर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी एक टोल विकास संस्थामा

एक महिला समूह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम स्थानीय सेवाको अधिकत्तम उपयोग गर्न आवश्यक ठानी रोल्पा नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम रोल्पा नगरपालिकाको महिला तथा किशोरी समूहको गठन र सञ्चालन कार्यविधि,२०७८ रहेको छ ।

(२) कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी यो कार्यविधि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **प्रमुख** भन्नाले रोल्पा नगरपालिकाको नगरप्रमुखलाई जनाउँछ।

(ख) **वडाध्यक्ष** भन्नाले रोल्पा नगरपालिकाको वडाध्यक्षलाई जनाउँछ।

(ग) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले रोल्पा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(घ) **महिला** भन्नाले रोल्पा नगरपालिकाभित्रका २० वर्ष उमेर पूरा भएका ६० वर्ष ननाघेका वयस्क एवं विवाहित महिलालाई जनाउँछ।

(ङ) **किशोरी** भन्नाले रोल्पा नगरपालिकाभित्रका १० वर्षदेखी १९ वर्ष उमेरका बालिकालाई जनाउँछ ।

(च) **सञ्जाल** भन्नाले सबै वडालाईं समेटेर नगरपालिकास्तरिय गठन गरिएको सञ्जाललाई जनाउँछ।



(च) **महिला समूह** भन्नाले रोल्पा नगरपालिकाभित्रका महिला विकास समूह, आमा समूह र किशोरी समूह समेतलाई जनाउँछ ।

(छ) **नगरपालिका** भन्नाले रोल्पा नगरपालिकालाई जनाउँछ ।

(ज) **कार्यपालिका** भन्नाले रोल्पा नगरपालिकाको कार्यपालिकालाई जनाउँछ।

**३.उद्देश्यः**

महिला तथा किशोरी समूह सञ्चालनको मुख्य उद्देश्य देहायबमोजिम रहनेछन् ।

(क) विभिन्न निकायबाट गरिने सेवामा महिलाको पहुँच अभिवृद्धि गर्न,

(ख) महिलाहरुलाई आफ्ना हकहित र अधिकारका विषयमा जागरुक गराउन,

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्न,

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्न,

(ङ) महिला समूहलाई वडा समितिको मातहतमा रहने गरी सहभागिता मुलक योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनमा सहभागी गराउन,

(च) सामाजिक विकृति विसङ्गति, कुरिति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलनाविरुद्ध आवाज उठाउन जागरुक गराउन,

(छ) महिलाको सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पहुँचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुर्यानउन,

(ज) महिला अधिकारमैत्री नगरपालिकाको रुपमा पहिचान स्थापित गर्न,

**९.महिला समुह सूचिकृत हुनुपर्नेः**

(१) प्रत्येक टोलमा गठन हुने महिला र किशोरी समूह नगरपालिकाको महिला शाखामा दर्ता हुनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचिकृत हुनको लागि महिला र किशोरी समूहले वडाको सिफारिस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(३) महिला समूह सञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा र किशोरी समूहको हकमा किशोरी समूहको निर्णय भई आएमा नगरपालिकाले अनुसूची-२ बमोजिम महिला र किशोरी समूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानून बमोजिम गर्न नहुने कार्य गरेमा नगरपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला समूह गठन हुनेछ ।

**१०.पुरस्कृत गर्ने :**

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई नगरपालिकाले उपयूक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**११.महिला समुहको कामः**

टोलमा गठन हुने महिला समूहले देहाय बमोजिमको कार्य गर्नेछन्रु



(४) उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा वडा सचिव रहनेछन् ।

(५) टोल तथा वडामा किशोरी समूह गठन गरिनेछ ।

६. वडास्तरिय महिला समूह सञ्चालन समितिको काम तथा कर्तव्यः

(१) वडास्तरिय महिला समूह सञ्चालन समितिले देहायका कार्य गर्नेछः

(क) महिला सवालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन् ।

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडा समक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पति प्रकारको आपराधिक घटनाका विषयमा सत्यतथ्य सहित वडा तथा सम्वन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसंस्कृत तथा नमूना टोल निर्माणका लागि उपाय खोजि गरी लागू गर्ने ।

**७. नगरपालिकास्तरिय महिला सञ्जाल गठनः**

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, साँस्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक नगरपालिकास्तरिय

महिला सञ्जाल गठन गरिनेछ। जसमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन्।

(क) नगरपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्यमध्ये एक जना महिला-**अध्यक्ष**

(ख) वडास्तरिय महिला समूह सञ्चालन समितिका अध्यक्ष-**सदस्य**

(ग) स्थानीय सहकारीका महिला एक जना-**सदस्य**

(घ) माध्यमिक तहका महिला शिक्षक एक जना-**सदस्य**

(ङ) गैरसरकारी संस्थाका महिला प्रतिनीधि एक जना-**सदस्य**

(च) विभिन्न राजनितीक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधी दुई जना-**सदस्य**

(छ) महिला विकास शाखा प्रमुख-**सदस्य-सचिव**

(२) किशोरीको शैक्षिक, सामाजिक, लैङ्गिक, साँस्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक नगरपालिका स्तरिय किशोरी सञ्जाल गठन गरिनेछ।जसमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन्।

(क) नगरपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्यमध्ये एक जना महिला-अध्यक्ष

(ख) वडास्तरिय किशोरी समूहका अध्यक्षहरु - **सदस्य**

(ग) स्थानीय क्षेत्रमा काम गर्ने संघसंस्थाको प्रतिनिधि एक जना - **सदस्य**

(घ) माध्यमिक तहका महिला शिक्षक एक जना - **सदस्य**



(छ) महिला विकास शाखा प्रमुख-सदस्य - **सचिव**

**८.नगरपालिकास्तरिय महिला समूह सञ्चालन समितिको काम र कर्तव्यः** नगरपालिकामा गठन हुने महिला समूह सञ्चालन समितिले देहायको कार्यहरु गर्नेछन्।

(क) महिला अधिकार, महिलाका विविध सवालहरुमा विषयमा उचित नीति तथा रणनीति तय गर्न नगरपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरिय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि नगरपालिकालाई सिफारिस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाँउपालिकालाई सिफारिस गर्ने,

(घ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न नगरपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री नगरपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने।

अनुसूची २
**(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)**
रोल्पा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
लिवाङ, रोल्पा।
**महिला समूहको दर्ता प्रमाणपत्रको ढाँचा**

दर्ता नं. मितिः

रोल्पा नगरपालिका वडा नं. ...... स्थित ................................ टोलमा गठन भएको .................................. महिला समूहलाई यस कार्यालयमा मिति .......................... मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। यस नगरपालिकाको महिलाहरुको हित प्रवर्द्वन गर्ने, विकास निर्माणमा महिलाको सहभागिता गराउने, सामाजिक विकृति, विसङ्गतिका विरुद्व आवाज उठाउने तथा महिलालाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

.............................
प्रमुख प्रशासकीय अधिकृत



(क) रोल्पा नगरपालिकाको सामाजिक सुधारसम्वद्व नीतिको प्रभावकारी कार्यान्वयन गर्ने,
(ख) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्वन्ध स्थापित गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने,
(ग) नगरपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने,
(घ) एच.आई.भि.एड्स, अन्धविश्वास, कुरीति, महिनावारी हुदाँ अछुत हुने प्रथा, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्या, विकृति, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,
(ङ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना नगरको रुपमा स्थापित गर्दै लैजाने,
(च) टोलमा महिला सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसंस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,
(छ) समानतामा आधारित पहुँच, समतामूलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,
(ज) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतिको प्रदर्शनमार्फत आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुर्यातउने ।

## १२. नाम जुराउनुपर्ने :

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरिय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम जुराईएको महिला समूहको नाम नगरपालिकाको महिला तथा बालबालिका शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समुहको नामसँग बाँझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नयाँ महिला समूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्ता गराउनुपर्नेछ ।

## १३.विविध :

(१) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा रोल्पा नगरपालिकाले बनाएको कानून बाँझिएमा बाझिएको बुँदाहरु स्वतः खारेज हुनेछन्।

(२) यो कार्यविधि कार्यान्वयनमा बाँधा उत्पन्न भएमा नगरपालिकाको कार्यपालिकाको निर्णयअनुसार प्रमुखबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

आज्ञाले
महेन्द्र पराजुली
प्रमुख प्रशासकीय अधिकृत

रोल्पा नगरपालिकाद्वारा प्रकाशित मूल्य रु. २०/-



अनुसूची १
(दफा ९ को उपदफा २ सँग सम्बन्धित)
**महिला समूहलाई नगरपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
लिवाङ, रोल्पा।

विषयः महिला समूह दर्ता/ नविकरण गरिपाँउ।

प्रस्तुत विषयमा यस रोल्पा नगरपालिका वडा नं. ...... को ........................... टोलमा गठन गरिएको तपशिल बमोजिम पदाधिकारीहरु रहेको श्री ...................................... महिला समूहलाई यस नगरपालिका कार्यालयमा दर्ता/नविकरण गरि महिला समूह प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

तपशिलः

| सि.नं. | नामथर | पद | सम्पर्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः महिला समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडाको सिफारिस, अनुसूची १ बमोजिमको निवेदन)

निवेदकः
अध्यक्षको नामः
महिला समूहको नामः
ठेगानाः

## अनुसूची १
### (दफा ९ को उपदफा २ सँग सम्बन्धित)
### किशोरी समूहलाई नगरपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू मिति :
रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
लिवाङ, रोल्पा।

विषयः किशोरी समूह दर्ता/ नविकरण गरिपाँउ।

प्रस्तुत विषयमा यस रोल्पा नगरपालिका वडा नं. ...... को .......................... टोलमा गठन गरिएको तपशिल बमोजिम पदाधिकारीहरु रहेको श्री ...................................... किशोरी समूहलाई यस नगरपालिका कार्यालयमा दर्ता/नविकरण गरि किशोरी समूह प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

तपशिलः

| सि.नं. | नामथर | पद | सम्पर्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः किशोरी समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडाको सिफारिस, अनुसूची १ बमोजिमको निवेदन)

निवेदकः
अध्यक्षको नामः
किशोरी समूहको नामः
ठेगानाः

अनुसूची २
(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

**रोल्पा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

लिवाओङ, रोल्पा।

दर्ता नं. मितिः

**किशोरी समूहको दर्ता प्रमाणपत्रको ढाँचा**

रोल्पा नगरपालिका वडा नं. …… स्थित ………………………… टोलमा गठन भएको ……………………………… किशोरी समूहलाई यस कार्यालयमा मिति ……………………… मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।यस नगरपालिकाको किशोरीहरुको हित प्रवर्द्वन गर्ने, विकास निर्माणमा किशोरीको सहभागिता गराउने, सामाजिक विकृति, विसऔङ्गतिका विरुऔ= आवाज उठाउने तथा किशोरीलाई सक्रिय र जागरुक गराउने पक्षमा यस किशोरी समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

…………………………

प्रमुख प्रशासकीय अधिकृत